“समृद्ध प्रदेश, खुसी जनता”

# स्मार्ट कृषि गाउँ कार्यक्रम






प्रदेश सरकार

प्रदेश नं. ५

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बुटवल, नेपाल

# परिचय

कृषि उत्पादनलाई बजारमुखी, व्यवसायमुखी, नाफामुखी र आत्मनिर्भर बनाई कृषकहरुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी दिगो आयस्तर वृद्धि गर्न "एक नमूना गाँउ" को रुपमा विकास गर्ने उद्धेश्यमले स्मार्ट कृषि गाउँ कार्यक्रम संचालन गरिएको हो। “स्मार्ट कृषि गाउँ” भन्नातले विशिष्टता अनुसारको बाली तथा पशुपन्छी सुहाउँदो जलवायू तथा वातावरणमैत्री अभ्यास, सिंचाइ तथा आधुनिक प्रविधिको प्रयोग एवम् जोखिम न्यूनीकरणका उपायहरु अवलम्वन गर्दै कृषिको उत्पादन, उत्पादकत्व र गुणस्तर वृद्धी गरी आयआर्जनमा संलग्न भएको कम्तीमा ५० देखि ६० घरधूरी भएको सिकाइयोग्य समुदाय बुझिन्छ।

## कार्यक्रम संचालनका उद्देश्यहरु

(क) कृषि उत्पादनलाई बजारमुखी, व्यवसायमुखी, नाफामुखी र आत्मनिर्भर बनाई कृषकहरुको प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि गरी दिगो आयस्तर बृद्धि गर्न "एक नमूना गाउँ" को रुपमा विकास गर्नु।

(ख) बाँझो र खाली रहेका कृषि जग्गाको समूचित प्रयोग तथा स्थानीय स्तरमा उपलब्ध श्रोत साधन र कृषि जैविक विविधताहरुको संरक्षण तथा प्रबर्द्धन गर्नु।

(ग) कृषि क्षेत्रको वातावरणीय जोखिम न्यूनीकरण गरी कृषि उत्पादन र उत्पादकत्व बृद्धिबाट दिगो खाद्य तथा पोषण सुरक्षा सुनिश्चिता गर्दै निर्यात प्रबर्द्धनमा टेवा पुर्याचउनु।

(घ) महिला तथा युवा उद्यमशीलताको विकास गर्दै कृषिमा रोजगारीका अवसरहरु सिर्जना गरी हालको बेरोजगारी दरलाई न्यूनीकरण गर्दै लैजानु।

## कार्यक्रमका रणनितिक लक्ष्यहरु

- जलवायू अनुकुलन कृषि प्रणाली विकास गर्नु
- कृषकहरुको आम्दानी दोब्बर वृद्धि गर्नु
- ग्रामिण क्षेत्रमा रोजगारी सृजना गर्नु र
- दिगो खाद्य सुरक्षा कायम गर्नु

## कार्यक्रमका सम्भागहरु

यस कार्यक्रम संचालनका लागि देहाय बमोजिमका सम्भागहरु समावेश गरिएको छ।

### (क) जलवायू स्मार्ट (Climate Smart):

जलवायू स्मार्ट सम्भागतर्फ क्षेत्र विशेष जलवायू समानुकूलित प्रविधि र अभ्यासहरु (Site-specific Climate Resilient Technologies and Practices) अवलम्बन गरिएको छ। मौसमी प्रतिकुलतामा जुध्नसक्ने बालीका जात एवम् पशु नश्लकासाथै कम उर्जा तथा वातावरणमैत्री तथा कम उर्जा प्रयोग हुने रैथाने तथा उन्नत प्रविधि र अभ्यासहरु पर्दछन्।यस उपक्षेत्र अन्तर्गत कृषि सूचना केन्द्र (Agri-information Centre) लाई प्राथमिकतामा राखी जलवायू पूर्वानुमान र प्रचार प्रसार लगायतका अन्य क्रियाकलापहरु सञ्चालन गरिएको छ। यसमा कूल आयोजना लागतको १० देखि २० प्रतिशतसम्म रकम खर्च गरिएको छ।

### (ख) सिंचाइ स्मार्ट (Irrigation Smart):

यस सम्भागअन्तर्गत सम्भाव्यता र कम लागतका आधारमा वर्षभरी सिंचाइको सुविधा सुनिश्चितता हुने खालका आधुनिक साना सिंचाइका संरचना तथा प्रविधिको अवलम्बन गरिएको छ। यस अन्तर्गत आकाशको पानी संकलन, प्लाष्टिक पोखरी निर्माण, थोपा सिंचाइ वा स्प्रिङ्कल सिंचाइ, सोलार पम्प र पोखरी निर्माण जस्ता कृयाकलापहरु संचालन गरिएका छन्। यसमा कूल आयोजना लागतको २० देखि ४० प्रतिशत रकम खर्च गरिएको छ।

### (ग) पोषकतत्व स्मार्ट (Nutrient Smart):

दिगो भू-व्यवस्थापन वा भू-उपयोग नक्शाङ्कन, एकीकृत बाली तथा खाद्यतत्व व्यवस्थापन, माटोमा कार्वन सञ्चितीकरण गर्ने खेती पद्धति तथा बैज्ञानिक पशु आहारा व्यवस्थापनका अभ्यासहरु अवलम्बन गरी माटोको उर्वरा शक्ति बृद्धि गर्ने तथा पशुपंक्षीमा पोषण व्यवस्थापन कार्यलाई दिगो बनाउने क्रियाकलापहरु सञ्चालन गरिएको छ।यस उपक्षेत्र अन्तर्गत

कूल आयोजना लागतको १० देखि २० प्रतिशत रकम खर्च गरिएको छ।

### (घ) प्रविधि स्मार्ट (Technology Smart):

परम्परागत ज्ञान र प्रविधिहरुलाई बढीभन्दा बढी प्रोत्साहन गर्दै कृषि तथा पशुपंक्षी पालनमा आधुनिक प्रविधिहरुको अवलम्बन, दिगो कृषि यान्त्रीकरणका लागि कस्टम हायरिङ्ग सेन्टर, करार खेति, जग्गा चक्लाबन्दी, पशु नश्ल सुधारका अभ्यासहरु, एक स्वास्थ्य अवधारणा (One Health Approach) लगायतका क्रियाकलापहरुमा जोड दिई बाली तथा पशुपंक्षीहरुको उत्पादकत्व वृद्धि गर्ने कार्यक्रम रहेको छ । यस उपक्षेत्र अन्तर्गतका क्रियाकलापहरुमा कूल आयोजना लागतको २० देखि ४० प्रतिशतसम्म रकम खर्च गरिएको छ।

### (ङ) बजार स्मार्ट (Market Smart):

यस सम्भागअन्तर्गत समुदायमा आधारित संकलन तथा प्रशोधन केन्द्रहरु विकास गरी औपचारिक बजारीकरणको विकास तथा मूल्य श्रृखंलामा आधारित दिगो बजार प्रवर्द्धन (Sustainable Market Promotion) गर्ने उद्धेश्यन रहेको छ। किसानहरुलाई उत्पादित बस्तुको बजार मूल्य बारेमा निरन्तर जानकारी गराइएको छ। यस उपक्षेत्र अन्तर्गतका क्रियाकलापहरुमा कूल आयोजना लागतको २० देखि ४० प्रतिशतसम्म रकम खर्च गरिएको छ।

### (च) अन्तरसम्बन्धित बिषयहरु:

क्षमता विकास र सहसिकाइ (Capacity building and Co-learning), लैंगिक तथा सामाजिक समावेशीकरण (Gender & Social Inclusion), युवा उद्यमशीलता विकास (Youth Entrepreneurship Development), संस्थागत विकास (Institutional Development) र सहकार्य र सह—लगानी (Partnership and Co-financing) जस्ता अन्तरसम्बन्धित क्षेत्रसँग सम्बन्धित क्रियाकलापहरु संचालन गरिएको छ।

# हालसम्मका उपलब्धीहरु:

## १. कृषि सूचना केन्द्र स्थापना


स्मार्ट कृषि गाउँमा आवद्ध कृषकहरुलाई उपयुक्त कृषि सूचाना र नविनतम प्रविधिको जानकारी दिने उद्धेश्य ले कृषि सूचना केन्द्र स्थापना गरिएको हो। आ. व. २०७५/०७६ मा ५२ प्रदेश निर्वाचन क्षेत्रको ५२ स्थानमा संचालन भएको स्मार्ट कृषि गाउँ कार्यक्रममा प्रत्येक गाउँमा कृषि सूचना केन्द्र स्थापना गरी त्यहाँ कम्प्यूटर, सूचना बोर्ड, इन्टरनेट, प्रिन्टर र ज्ञानमुलक पुस्तकसहितको पुस्तकालयसंगै उक्त गाउँको तथ्याङ्क संकलन र सम्बन्धित ज्ञान केन्द्र/विज्ञ केन्द्रसँग कार्यक्रमको समन्वयको लागि सहजकर्ताको व्यवस्था गरिएको छ।




कृषि सूचना केन्द्र, देवदह स्मार्ट कृषि गाउँ, रुपन्देही




कृषि सूचना केन्द्र, अर्गली स्मार्ट कृषि गाउँ, पाल्पा




हुँगी स्मार्ट कृषि गाउँ, पाल्पाको कार्यक्रमबारे सूचना पाटीबाट संक्षिप्त विवरण



कृषि सूचना केन्द्र, हुँगी स्मार्ट कृषि गाउँ, पाल्पा

## २. जलवायू अनुकुलन प्रविधिको प्रयोग

खडेरी प्रतिरोधक धानको बीउको प्रयोग, पशुपालनमा नश्लकसुधार, हरियो मलको प्रयोग, वृक्षरोपण, एक घर पाँच फलफूल बिरुवा रोपण अभियान, नदिको बगरमा तरकारी खेती, विद्युतको लागि गोबर ग्यास निर्माण, सोलार उर्जा र कृत्रिम पानी पोखरी/जलाशय निर्माण जस्ता क्रियाकलापहरु जलवायू अनुकुलन प्रविधि अन्तर्गत विभिन्नय स्मार्ट कृषि गाउँहरुमा संचालनमा अएका छन्। कार्यक्रमबाट कृषकहरुलाई जलवायू परिवर्तनसँग जुध्न अनुकुलन हुने अपेक्षा गरिएको छ।



हरियो मल उत्पादनको लागि ढैचा खेती फत्तेपुर स्मार्ट कृषि गाउँ, बाँके



खोलाको बगरमा तरकारी खेती विराट स्मार्ट कृषि गाउँ, कपिलवस्तु

## ३. सिंचाई स्मार्ट अन्तर्गतका क्रियाकलापहरु

सिंचाईले विभिन्नन बाली खाद्यन्नग, तरकारी, मसाला, दाल, तेल रेसा, तथा फलफूल लगायत अन्य बोटविरुवा अक्सिजन तथा बाली विरुवालाई चाहिने अनिज मिनिरल जस्ता तत्त्वको उपलब्ध गराई बालीमा विरुवामा हरियोपना ल्याइ जिवन दिन्छ र उत्पादनमा बृद्धि हुन जान्छ। सिचांईको मुख्य उद्देश्य पानी भएको ठाउँबाट अन्य सिंचाई नभएको स्थानमा कुलो, डिप बोरिङ्ग, लिप्ट सिंचाई, पोखरी, हिम पोखरी, ट्यूवेल, पम्पसेट, सोलार सिचाई आदिको माध्यमबाट बाली विरुवालाई सिंचाई पुर्याइ उत्पादन तथा उत्पादक्त्व बढाउनु हो।



बोरिङ्ग सिंचाई, सितापुर स्मार्ट कृषि गाउँ, बाँके



सोलार प्रविधिबाट सिचाई, विराट स्मार्ट कृषि गाउँ, कपिलवस्तु



पम्प सेटबाट सिंचाई, फत्तेपुर स्मार्ट कृषि गाउँ, बाँके



कृत्रिम जलाशय निर्माण, हर्दवा स्मार्ट कृषि गाउँ, दाङ

हालसम्म तराई भेगका स्मार्ट कृषि गाउँहरुमा डिप बोरिङ, सोलार पम्प सेट प्रयोग गरी सिचाई भईरहेको छ भने पहाडी र उच्च पहाडी क्षेत्रहरुमा कृत्रीम सिमेन्ट पोखरी, कुलो निर्माण, हिम पोखरी र लिप्ट सिंचाई प्रयोग गरिएको छ। कार्यक्रमबाट हालसम्म थप ९४३ हेक्टरमा सिचाई पुगेको छ।

## ४. पोषकतत्व स्मार्ट अन्तर्गतका क्रियाकलापहरु

हरियो मल उत्पादन, गोठसूधार, गाई/ भैंसीको पिसाब संकलन, गडौला मल उत्पादन, माटो परिक्षण गरी माटोको N P K र pH बारे जानकारी लिने जस्ता

क्रियाकलापहरु कृषि पोषकतत्व स्मार्ट सम्भाग अन्तर्गत संचालनमा आएका छन् भने घाँस स्रोत केन्द्र स्थापना, बर्सिम खेती, जै खेती, डाले घाँसहरु जस्तै ईपिल- ईपिल, बकाइनो, बडहर, किम्मु, दब्दबे, कुट्मिरो, कोइरालो आदि, बहुवर्षिय घाँसहरु (कोसे/अकोसे) जस्तै नेपियर, पारा, पास्पालम, आदिको खेती, सिलेज उत्पादन, मिनिरल ब्लक उत्पादन जस्ता क्रियाकलापहरु पशुपालन पोषकतत्व स्मार्ट अन्तर्गत संचालनमा आएका छन्।



हरियो मल उद्पादन गर्ने प्रविधि प्रदर्शन गर्दै, हुँगी स्मार्ट कृषि गाउँ, पाल्पा




माटो परिक्षण शिविर, नौलापुर तिलकपुर स्मार्ट कृषि गाउँ, बाँके



बर्सिम घाँस खेती, चतुर्भुजी स्मार्ट कृषि गाउँ, कपिलवस्तु



रुपन्देहीमा साइलेज उत्पादनको लागि मकै खेती र साइलेज उत्पादन (मूल्य श्रृङ्खला विकास)

## ५. कृषि यान्त्रीकरण र कस्टम ह्यारिङ्ग सेन्टर स्थापना

कृषिलाई आधुनिकीकरण गर्न मल, बीउ र सिंचाईले मात्र पुग्दैन, कृषि क्षेत्रको उत्पादन र उत्पादक्त्व बृद्धि गर्न अन्य कृषि यन्त्रहरुको आवश्यकता पर्दछ। कृषि यान्त्रिकीकरणको मुख्य उद्देश्य कृषकलाई खेत बारीमा गोडमेल, खनजोत गर्दा सजिलो र छिटो-छरितो भई उत्पादन लागत न्यूनिकरण तथा उत्पादन वृद्धि गर्नु हो। यान्त्रीकरणले कृषि यन्त्रको उपयोगमा सुधार ल्याउन, कृषिको उत्पादन लागत कम गर्न र कृषि पेशालाई सरल र सहज गरी आयआर्जन वृद्धि र रोजगारीको अवसरहरुमा सहयोग पुर्याउँछ।



कस्टम ह्यारिङ सेन्टर, मुखियाजयपुर स्मार्ट कृषि गाउँ, बर्दिया



मेसिनद्वारा वसन्ते मकै गोडिदै, स्यानीगाउँ स्मार्ट कृषि गाउँ, दाङ्ग

यान्त्रीकरण प्रवर्द्धनका निम्ती सम्बन्धित कृषक समूह, समितिद्वारा संचालित बालीवस्तुको लागि उत्पादन देखि पोष्टहार्भेष्टसम्म आवश्यबक पर्ने सबै प्रकारका मेसिनरी औजार उपकरणको सेट सहितको सुविधायुक्त केन्द्रलाई कस्टम ह्यासरिङ्ग सेन्टर भनिन्छ, जसले किसानहरुलाई यन्त्र उपयोगमा सहज पुर्यारउँछ। संचालित स्मार्ट कृषि गाउँमा हालसम्म ३८ कस्टम ह्याररिङ्ग सेन्टर स्थापना भएको छ र धेरै स्थानमा समितिद्वारा व्यवस्थापन गरी परिचालन गरिएको छ। उक्त ह्यारिङ्ग सेन्टरमा ट्याक्टर, कल्टिभटर, रोटाभेटर, सिडर, हारभेस्टर, रिपर, थ्रेसर, कर्न सेलर, स्पेर्यर, आदि यन्त्र उपकरणहरु उपलब्ध छन्।

## ६. बजार स्मार्ट अन्तर्गतका क्रियाकलापहरु

स्मार्ट कृषि गाउँमा उत्पादित बाली तथा बस्तुको दिगो बजारीकरणमा टेवा पुर्यातउने र मूल्य श्रङ्खदला विकास गरी आयआर्जन वृद्धि गर्ने उद्देश्यले संकलन केन्द्र, हाट बजार, डेरी तथा मासु पसल, प्रशोधन केन्द्र जस्ता संरचनाहरु निर्माण गरिएको छ।

हालसम्म बजार स्मार्ट अन्तर्गत १२ वटा कृषि उपज संकलन केन्द्र, १ वटा बीउ संकलन केन्द्र, विभिन्न स्थानमा दुध संकलन केन्द्र, Stainless steel Milk Can को प्रयोग र दुध प्रशोधन केन्द्र स्थापना भई मूल्य श्रङ्ख लामा आधारित पशुपालन, बाख्रापालन, तरकारी खेती, आदि कार्यक्रम संचालनमा आएका छन्।




कृषि उपज संकलन केन्द्र स्थापना, झ्याङ्ला स्मार्ट कृषि गाउँ, पाल्पा



दुध विविधिकरणका उपकरणमा सहयोग, सैनामैना स्मार्ट कृषि गाउँ, रुपन्देही



मिल्क क्यान वितरण, मधुवन स्मार्ट कृषि गाउँ, बर्दिया



कृषि उपज संकलन केन्द्र, ओड्लेनी स्मार्ट कृषि गाउँ, प्यूठान

## ७. नविनतम प्रविधिको प्रयोग

नवितम खेती प्रविधिको मुख्य उद्देश्य कृषि, पशुपन्छी तथा मत्स्य उत्पादन तथा उत्पादक्त्त्व बृदि गरी व्यवसायिकरण गर्नु हो। थोपा सिंचाई सहितको प्लाष्टिक टनेल ,मल्चिङ्ग, प्लाष्टिक ट्रे मा तरकारीका वेर्ना उत्पादन गर्दा वेर्ना स्वस्थ शारिरीक रुपमा बलियो हुनुको साथै विउको नोक्सानी हुनबाट जोगाउने र रोगकिराको हानी नोक्सानीबाट बचाई समग्रमा कृषकलाई फाइदा हुने भएकोले यो प्रविधि कृषकमाझ लोकप्रिय बन्दै आएको छ। यस कार्यक्रम अन्तर्गत हालसम्म ५०० भन्दा बढी ठूला र मझौला किसिमका तरकारी टनेलहरुको निर्माण भएका छन्।



हाई टेक प्लाष्टिक टनेलमा टमाटर खेती, देवदह स्मार्ट कृषि गाउँ, रुपन्देही

व्यवस्थित गोठ/खोर निर्माण, मिल्किङ्ग मेसिनको प्रयोग(धरै पशु संख्या भएमा), काउ म्याटको प्रयोग, कृत्रीम गर्भाधान, नश्लकसुधार र उपयुक्त समयमा विभिन्न रोगहरु विरुद्ध खोप लगाउने जस्ता क्रियाकलापहरु पशुपालन नविनतम प्रविधि अन्तर्गत समाभेश गरिएको छ, जसले गर्दा पशुपालक कृषकको आम्दानी वृद्धि भएको छ भने उपभोक्ताहरुले स्वच्छ र सफा दुध/मासु उपयोग गर्न सहज भएको छ।




आधुनिक बाख्राको खोर निर्माण, इस्मा स्मार्ट कृषि गाउँ, गुल्मी



तरकारी खेतीको लागि टनेल निर्माण, मरन्ठाना स्मार्ट कृषि गाउँ, प्यूठान



आधुनिक गाई गोठ निर्माण, सैनामैना स्मार्ट कृषि गाउँ, रुपन्देही

## कार्यक्रमको सारांश

प्रदेश नं ५ को कृषि उत्पादनलाई बजारमुखी तथा व्यवसायमुखी र कृषि क्षेत्रमा आधुनिकिकरण तथा यान्त्रीकरणका लागि मन्त्रालयकै गैरवको आयोजनाको रुपमा संचालन भएको स्मार्ट कृषि गाउँ कार्यक्रमले मिश्रित रुपमा मूल्य श्रृङ्खलामा सकारात्मक उपलब्धी हाँसिल गरी कृषकहरुलाई नयाँ प्रेरणा प्रदान गरको छ। कृषि यान्त्रीकरण, कृषि बजार, नविनतम प्रविधि र अध्ययन अनुसन्धानलाई आधार मानि कृषि बालीवस्तुको व्यवसायिकिकरणको आधार तय भएको र कृषकहरुको आयआर्जनमा वृद्धि भएको देखिन्छ।

कृषि शिक्षा, अनुसन्धान र प्रसारलाई स्मार्ट कृषि गाउँको माध्यमबाट कृषककै खेतीबारीमा विद्यार्थी परिचालन, समस्यामा आधारित अनुसन्धान तथा विषय विशेषज्ञ सेवा संचालन गरी स्मार्ट कृषि गाउँहरुलाई अनुसन्धान थलोको रुपमा विकास गर्ने गरी सरोकारवाला निकायहरुको समन्वयमा कार्यक्रम अगाडी बढाइएको छ।

# स्मार्ट कृषि गाउँ सहयोगी कार्यक्रम :

## परिचय

कृषि उत्पादनलाई बजारमुखी, व्यवसायमुखी, नाफामुखी र आत्मनिर्भर बनाई कृषकहरुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी दिगो आयस्तर वृद्धि गर्न "एक नमूना गाउँ" को रुपमा विकास गर्ने मूलभूत उद्देश्यका साथ सञ्चा लनमा रहेको स्मार्ट कृषि गाउँहरुमा सृजित प्राविधिक समस्याहरुको उचित सम्बोधन गर्न विषय विशेषज्ञ सेवा, कृषि अध्ययनरत विद्यार्थीलाई समुदायस्तरमा परिचालन, जलवायु अनुकूलन प्रविधि विस्तारमा सहयोग, क्षमता विकास, प्रोत्साहन तथा पुरस्कृत लगायतका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र मातहतको निकायको स्मार्ट कृषि गाउँ कार्यक्रमसँग सम्बन्धित सहयोगी कार्यक्रम सञ्चाँलन गर्ने

उद्देश्यले प्रदेश नं. ५ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले स्मार्ट कृषि गाउँ सहयोगी कार्यक्रम संचालन गरिएको छ।

## कार्यक्रम संचालनका उद्देश्यहरु

(क) कृषि प्रविधि र प्रसार प्रणालीलाई प्रभावकारी बनाउन स्मार्ट कृषि गाउँमा विषयगत विशेषज्ञ सेवा प्रदान गर्न कृषि अध्ययनरत विद्यार्थी परिचालन गर्नु,

(ख) स्मार्ट कृषि गाउँमा समयानुकूल देखापर्ने प्राविधिक समस्यामा आधारित रहेर छोटो समयका अध्ययन, अनुसन्धान, परीक्षण, प्रदर्शन शिविर आदि कार्यक्रम सञ्चाधलन गरी समस्या समाधान तथा कृषकहरुको क्षमता अभिवृद्धि गर्नु,

(ग) जलवायु अनुकूलन एवं वातावरण मैत्री प्रविधि विस्तारमा टेवा पुर्याउनु,


(घ) कृषि विद्यार्थीहरुको ब्यवहारिक ज्ञान शिप तथा क्षमता अभिवद्धि गर्नु।

## कार्यक्रमहरु

- कृषि अध्ययनरत विद्यार्थी परिचालन तथा अनुसन्धान कार्यक्रम
- स्मार्ट कृषि गाउँमा विषय विज्ञ सेवा संचालन कार्यक्रम
- समस्यामा आधारित अध्ययन/अनुसन्धान/परीक्षण/प्रदर्शन कार्यक्रम
- उत्कृष्ट स्मार्ट कृषि गाउँ पुरस्कार कार्यक्रम
- जलवायु अनुकुलन प्रविधि विस्तार सहयोग कार्यक्रम

❑❑

# स्मार्ट (SMART) कृषि गाउँ कार्यक्रम मोडल




**S**= Sustainable
दिगोपना

**M**= Market -oriented
बजारमुखी

**A**= Adaptive
अनुकूलन

**R**= Responsive
उत्तरदायी

**T**= Technology
Innovative
नविनतम प्रविधि




प्रदेश सरकार
## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ५, बुटवल